आज मिति २०७५ साल जेष्ठ १३ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्य पालिकाको तेईसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय बमोजिम छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री ~~निर्मोराम थारु~~ | - | ~~का.वा.~~ वडाअध्यक्ष, वडा नं १ | " |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडा नं २ | " |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडा नं ३ | " |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडा नं ४ | " |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडा नं ५ | " |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडा नं ६ | " |
| श्री शान्ती चौधरी | - | सदस्य | " |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | " |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | " |
| श्री मोबीला शर्मा पौडेल | - | सदस्य | " |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | " |
| श्री बम बहादुर वि.क | - | सदस्य | " |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**प्रस्तावहरु**

१ गेरुवा गाउँपालिका, स्थानीय राजपत्र भाग-२, खण्ड १, वर्ष १, अंक २ प्रकाशित गर्ने सहमति दिने सम्बन्धमा

२ गेरुवा गाउँपालिकाको सडक गुरु योजना पहिलो प्रतिवेदन, भवन निर्माण विस्तृत कार्य प्रतिवेदन र भिलेज प्रोफाईल ( VILLAGE PROFILE ) पहिलो प्रतिवेदन प्रस्तुति, भवन निर्माण मापदण्ड विस्तृत प्रतिवेदन तयार पारी पेश गर्ने सैद्धान्तिक सहमति दिने सम्बन्धमा

३ स्थानीय दररेट निर्धारण गर्ने सम्बन्धमा ।

४ खाता खोल्ने सम्बन्धमा

५ **बिबिध**

(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

## निर्णयहरु :-

१ गेरुवा गाउँपालिका, स्थानीय राजपत्र भाग-२, खण्ड १, वर्ष १, अंक २ प्रकाशित गर्ने सहमति दिने सम्बन्धमा

प्रस्ताव नं. १ माथी छलफल हुँदा गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठीत स्थानीय राजपत्र प्रकाशन समिति मार्फत यस राजपत्रको नियन्त्रण साङ्केतिक चिन्ह छापवाट तय गर्ने गरी गेरुवा गाउँपालिका, स्थानीय राजपत्र भाग-२, खण्ड १, वर्ष १, अंक २ प्रकाशित गर्ने सहमति दिने निर्णय गरियो ।

२ **गेरुवा गाउँपालिकाको सडक गुरु योजना पहिलो प्रतिवेदन, भवन निर्माण विस्तृत कार्य प्रतिवेदन र भ्लेज प्रोफाईल ( VILLAGE PROFILE ) पहिलो प्रतिवेदन प्रस्तुति, भवन निर्माण मापदण्ड विस्तृत प्रतिवेदन तयार पारी पेश गर्ने सैद्धान्तिक सहमति दिने सम्बन्धमा**

**प्रस्ताव नं. २ माथी** छलफल गर्दा देहाय बमोजिमका प्रारम्भिक प्रतिवेदनहरु माथी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल :-

(क) आजको विशेष बोर्ड बैठकमा गेरुवा गाउँपालिकाको सडक गुरु योजनाको प्रस्तावीत प्रतिवेदन प्रस्तुत हुँदा सो प्रतिवेदन माथी विस्तृत छलफल गरी थप सुझाव सहित विस्तृत सडक गुरु योजना निर्माण गरी पेश गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

(ख) **भवन निर्माण विस्तृत कार्य प्रतिवेदन** गेरुवा गाउँ कार्यपालिकाको प्रशासकीय भवन, गेरुवा गाउँपालिका वडान.१ को प्रशासकीय भवन र वडान.३ को प्रशासकीय भवन निर्माणको लागि विस्तृत अध्ययन प्रारम्भिक प्रतिवेदन प्रस्तुत हुँदा सो प्रतिवेदन माथी छलफल तथा थप सुझाव समेत समेटि लागत ईष्टिमेट सहितको विस्तृत प्रतिवेदन तयार गरी पेश गर्न सहमति दिने निर्णय गरियो ।

(ग) **भ्लेज प्रोफाईल** ( VILLAGE PROFILE ) पहिलो प्रतिवेदन प्रस्तुत हुँदा सो प्रतिवेदन माथी विस्तृत छलफल भई थप सुझाव सहित विस्तृत रुपको गेरुवा गाउँपालिकाको भ्लेज प्रोफायल निर्माण गरी पेश गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

(घ) **भवन निर्माण मापदण्ड, २०७५** निर्माण विस्तृत प्रतिवेदन प्रस्तुत हुँदा सो प्रतिवेदन माथी विस्तृत छलफल भई थप सुझाव सहित विस्तृत रुपको गेरुवा गाउँपालिकाको **भवन निर्माण मापदण्ड, २०७५** निर्माण गरी पेश गर्न शैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

३ **स्थानीय दररेट निर्धारण गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ माथि** छलफल गर्दा स्थानीय सरकारले स्थानीय दररेट कायम गरी लागु गर्नु पर्ने भएकोले सबै वडा क्षेत्रका स्थानीय व्यापारीक केन्द्रहरुमा हुने व्यापार व्यवशाय र स्थानीय घर जग्गा समेतको एकिकृत दररेट कायम गरी लागु गर्नका लागि मुल्य निर्धारण समितिले आधार लिन मिल्ने गरी बर्दिया जिल्लाको जिल्ला दररेट र सो दररेट अनुसारको ढुवानी र स्थानीय उत्पादन, व्यापार र दररेट समेतलाई आधार बनाई स्थानीय दररेट कायम गर्ने गरी प्रस्ता तयार गरी पेश गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

४ **बैंक खाता खोल्ने सम्बन्धमा**

**प्रस्ताव नं. ३ माथि** छलफल गर्दा यस गाउँपालिकाको संचित कोष लगायतका खाताहरु यस अघि राष्ट्रिय वाणिज्य बैंक, गुलरीया शाखामा रहेकोमा नेपाल सरकारबाट तोकीए बमोजिम यस गाउँपालिकाका लागि वाणिज्य बैंकको रुपमा कार्य गर्न भनि मेघा बैंक लिमिटेडलाई तोकिए बमोजिम सो बैंकले गेरुवा शाखा स्थापना गरी कार्य सञ्चालन गरेकोले राष्ट्रिय वाणिज्य बैंक, गुलरीया शाखामा रहेका यस गाउँपालिकाका सबै सरकारी खाताहरु मेघा बैंक लिमिटेड, गेरुवा शाखामा स्थानान्तरण गरी प्रमुख प्रशासकीय अधिकृत श्री भीम बहादुर खत्री र लेखापाल श्री तुलसीराम श्रेष्ठको संयुक्त दस्तखतबाट यस गाउँपालिकाका सम्पूर्ण सरकारी खाताहरु सञ्चालन गरी कार्य सम्पादन गर्न निर्देशन दिने निर्णय गरियो ।

५ **बिबिध**

**(क) बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) २४ औं बोर्ड बैठकका रुपमा २०७५।३।७ गते दिनको २.०० बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।